सम्वत् २०७९ को

# जगदम्बा-श्री

तथा

# मदन पुरस्कार

## समर्पण समारोह

२०८०।०६।२९।२

<u>कार्यक्रम</u>

सभारम्भ

मदन पुरस्कार गुठी अध्यक्ष कुन्द दीक्षितबाट स्वागत

गुठीका अध्यक्षबाट पुरस्कार अर्पण

योगेश राजज्यूबाट विद्वत् प्रवचन

जगदम्बा-श्रीद्वारा सम्मानित श्री टेकवीर मुखियाज्यूको उद्‌गार

मदन पुरस्कारद्वारा सम्मानित *ऐँठन*का स्रष्टा विवेक ओझाज्यूको उद्‌गार

गुठीका उपाध्यक्ष कल्पना पराजुलीबाट धन्यवाद ज्ञापन

सभा विसर्जन

ॐ असतोमा सद्गमय। तमसोमा ज्योतिर्गमय। मृत्योर्मा अमृतं गमय॥
ॐ शान्तिः। शान्तिः। शान्तिः।

**योगेश राजज्यू, माननीय हाम्रा 'ब्यौलाद्वय' टेकवीर मुखियाज्यू र विवेक ओझाज्यू तथा उपस्थित विद्वान्-विदुषी र मित्रहरू।**

भाषा, साहित्य, संस्कृतिमा समर्पित अग्रजमा सम्झना र श्रद्धा। लिपिबद्ध सामग्रीहरूको सङ्कलन र संरक्षणका साथै गुठीका माध्यमद्वारा मदन पुरस्कार र जगदम्बा-श्री सम्मानको कल्पना गर्ने, प्रबन्ध मिलाउने र यसैमा अनवरत खटिने संस्थापक कमल दीक्षितको स्मरण गर्दछु। आधार तयार गरिदिने मदनशमशेर तथा रानी जगदम्बालाई पनि सम्झन्छु।

भाषा, साहित्य, कला-संस्कृतिलाई माया गर्ने, यसमै रमाउने र प्रवर्धनमा गुठीसँगै हिड्ने, हिड्नलाई प्रेरणा दिने, हौसला बढाउन यहाँ उपस्थित हुनुहुने र बाहिर बसेर माया गर्ने, सल्लाह-सुझाव दिने सबैप्रति आभार।

इतिहास-चिन्तनमा चिन्तन गर्नुहुने ऐतिहासिक योगेश राजज्यू, यहाँका प्राज्ञिक कामले नेपाली र दक्षिण एसियाली इतिहास परम्परामा थप सोच्न र काम गर्न प्रेरित गर्दै आएको छ। भाषा-साहित्य तथा इतिहास विधाका अनेकौँ अध्ययन र अनुभवमा आधारित यहाँको प्रवचनलाई गुठीको ५० औँ 'विद्वद् प्रवचन'का रूपमा सुन्दैछौँ। यहाँलाई हार्दिक स्वागत गर्दछु।

टेकवीर मुखियाज्यू, पुस्तक प्रकाशनका क्रममा भेट्नु भएका अनेकौँ स्रष्टा, पढ्नु भएका अनेकौँ पात्र, परिवेश र शीर्षक तथा प्रकाशक र पाठकहरूलाई एकै ठाउँ जोड्नु भएको छ। करिब ५००० पुस्तकका आकर्षित आवरण तयार गर्नु आफैमा ऐतिहासिक काम हो, यसले हामीलाई जोडेको छ। आर्टिफिसियल इन्टेलिजेन्स (ए.आइ.) को चर्चा चलिरहेको र यसको प्रयोग गरेर प्रशोधित भएका तस्विर र आवरण पृष्ठहरूलाई हेर्दै गर्दा 'पेन्टिङ' गर्नु, काठको ब्लकमा ढाल्नु र मुद्रण गर्ने कामहरूका लागि कैयौँ दिन बिताउनु हुने यहाँ र यहाँको पुस्ता धेरैका लागि 'ऐतिहासिक नायक'का रूपमा हामी समक्ष हुनुहुन्छ। यस्ता व्यक्तित्वलाई जगदम्बा-श्रीबाट सम्मानित गर्न पाउँदा हामी हर्षित छौँ। यहाँलाई स्वागत छ।

विवेक ओझाज्यू, अरूका पिडा, दुःख र सन्तापहरू टाढाका र सामान्य लाग्ने तर आफ्ना र आफूले भोग्नु परेका व्यथा भने भयावह लाग्ने कठोर सामाजिक यथार्थबाट गुज्रिरहेको समाजलाई द्वन्द्वले दिने घाउ, छटपटि, बिछोड र यातनाको 'ऐँठन'लाई आख्यानका रूपमा व्यक्त गर्नु भएकोमा यहाँलाई हार्दिक बधाई। समारोहमा यहाँलाई स्वागत छ।

अन्त्यमा, यहाँहरू सबैलाई आगामी चाडपर्वहरूको शुभकामना। सदाझैँ यहाँहरूको स्नेह पाइराखौँ। सबैमा स्वस्थ जीवन र दीर्घायुको कामना।

# अर्थराजनीति र ऐतिहासिकहरू : परिबन्द र परित्राण

योगेश राज

**गुठीका अध्यक्षज्यू,**
**जगदम्बा-श्रीबाट सम्मानित श्री टेकवीर मुखियाज्यू,**
**मदन पुरस्कारबाट सम्मानित श्री विवेक ओझाज्यू,**
**यस सभामा उपस्थित महानुभावहरू,**

सय डेढसय वर्षयता नेपाली समाजमा को, किन र कसरी ऐतिहासिक भए; साझा कर्म र पेशा अपनाउने सामाजिक समूहको रूपमा ती कसरी छुट्टिए; तिनको इतिहास-चिन्तन कस्तो रह्यो – यस सम्बन्धी रूपरेखासम्म पाइन्छ। सग्लो अनुसन्धान भएको भने मलाई लाग्दैन। इतिहास-चिन्तनसम्बन्धी एउटा प्रस्तावमाथि मैले सोचिरहेकाले यो अवसरमा त्यसको भूमिका बाँध्न खोजेको छु। पाएको छोटो समयभित्र सिङ्गै भूमिका त होइन, त्यसको शिरबेहोरासम्म बटुल्ने प्रयास गर्नेछु।

विषयभित्र पस्नअघि दुईवटा बुँदा यहाँ सम्झिनु उपयोगी हुनसक्छ। पहिलो बुँदा इतिहाससम्बन्धी चिन्तनलाई आकृत गर्ने सन्दर्भसँग

जोडिन्छ। दोस्रो बुँदाको नाता इतिहास विधाको कलात्मक प्रकृतिसँग छ। यो बुँदा चाहिँ बहसयोग्य सुनिन सक्छ र अलि पछि चर्चा गर्नेछु।

माथि उठाएका तीनै ओटा प्रश्नका समय र समाज सुहाउँदा उत्तर हुन्छन्। इतिहास-चिन्तन पनि तीन किसिमका सन्दर्भले बदलिन सक्छन्। पहिलो हो अर्थ-राजनीतिक परिवेश। यसले कुनै मानिसलाई ऐतिहासिकको रूपमा व्यक्त हुन दिने नदिने, तय गर्छ। ऐतिहासिकहरूलाई सामाजिक वर्गको रूपमा सक्रिय हुन दिने नदिने, निर्णय गर्छ। तिनको सक्रियतालाई राजनीतिक हस्तक्षेप मान्ने कि नमान्ने, मानदण्ड बनाउँछ। तिनीहरूलाई समाजका बाँकी वर्गसमूहसँग घुलमिल हुन दिने कि नदिने, तय गर्छ। समग्रमा भन्दा, ऐतिहासिकहरूको सामाजिक अस्तित्व र भूमिकालाई प्रभावकारी बनाउने कि निष्प्रभावी, अर्थ-राजनीतिले निर्धारण गर्छ।

दोस्रो सन्दर्भ सामाजिक-सांस्कृतिक परम्परा हो। यसले इतिहास विधाको साँधसिमाना निक्यौंल गर्छ। अरू अरू विधासँग इतिहासको लेनदेन नियन्त्रण गर्छ। सँगै, इतिहासभित्र मौलिक विमर्शलाई प्रोत्साहित गर्ने कि निरूत्साहित, निश्चित गर्छ। इतिहास-चिन्तन (हिस्ट्रियोग्राफी)को सूत्रपात, सङ्घट्टन र विस्तार कहाँ खोज्ने, अथवा खोज्दा किन पाइएन भन्ने प्रश्नको उत्तर यही हुन्छ।

समाजमा साङ्केतिक पूँजीको वितरण तेस्रो सन्दर्भ हो। साङ्केतिक पूँजीले विपन्न समाजमा प्रतिभा खेर जान्छ। प्रत्युत्पन्नमति मानिसहरूको दुर्दशा हुन्छ। पैँचो लिइएका विद्याको महिमामण्डन गरिन्छ। समुदायमा ग्लानि र हीनताबोध व्याप्त हुन्छ। बहुसङ्ख्यक मानिसले नभेट्टाउने ठाउँमा साङ्केतिक पूँजी थुप्रिन्छ। त्यसलाई  वर्चस्वशाली वर्गले ओगटेर राख्छ, फैलाउँदैन। सङ्केतको त्यो सङ्कुचित रासले एउटा कुनामा सिर्जनाको तरङ्ग फैलिरहन्छ। दर्शन, साहित्य, कलामा ठूलै हलचल आए झैँ लाग्छ। तर समाजको अर्को हिस्सा भने बिम्बविहीन रहन्छ। त्यो सुनसान रहन्छ। सङ्केत-पूँजीको यो विषम वितरणका वेला पारम्परिक त के, उधारो विद्यासमेत बँच्दैन।

अहिलेको अर्थ-राजनीतिक सङ्कट कति व्यापक छ, कसैले औँल्याइरहनु पर्दैन। सामाजिक-सांस्कृतिक भीरमा गइरहेको पहिरो सबैले सुनेको हुनुपर्छ। सङ्केत-संसारमा सबै तप्काको अनुभव मिसाउन सकिएको छैन। सबै समुदायसँग लेनदेन गर्दै साझा सङ्केत-ढुकुटी बनाउन पनि चुकेकै हौँ। यो विचलित परिस्थितिमा ऐतिहासिकहरूलाई चिनाउने परिभाषा, तिनको सामाजिक भूमिका र इतिहास-चिन्तनलाई हेर्दा सन्तोष मान्ने ठाउँ देखिँदैन।

*

ऐतिहासिकहरू को हुन् भन्ने प्रश्न नै लिऔँ। सामान्यतः पुरावस्तु खोजमेल गर्नेहरू, स्मृतिको बिर्सँदो बनोट छाम्नेहरू र कर्मकाण्डको बदलिँदो बान्की ठम्याउनेहरू ऐतिहासिक हुन्। उर्लँदो इतिहास-चेतको जुलुस हेर्नेहरू र अतीतसँग रुर्को मानेको नियाल्नेहरू ऐतिहासिक हुन्। किंवदन्तीबाट पुरातथ्य छान्नेहरू र तथ्यपरक समाचारमा शक्तिको विलम्बित दाबी पहिल्याउनेहरू ऐतिहासिक हुन्। सार्वजनिक थलोमा वादी, संवादी, विवादी र वर्जित स्वरको आरोह अवरोह चिन्नेहरू ऐतिहासिक हुन्। यी सामान्य परिभाषा वर्तमान नेपाली समाजमा लागू हुँदैनन्।

नेपाली समाज विकट कालखण्डबाट निस्कन खोज्दैछ। एकतिर, मानिसले जति परिश्रम गरे पनि जीवन र धर्म एकैपल्ट निर्वाह गर्न सकिरहेका छैनन्। आँत सुक्न नदिने हो भने आत्मसम्मान धरौटी राख्नुपर्छ। ओत खोज्दा मरुभूमिमा भासिनुपर्छ। हुर्कँदो परिवारलाई भर दिँदा हुर्काएको परिवार छाड्नुपर्छ। अर्कातिर, अतिरिक्त श्रममाथि रजगज गर्नेहरूको राज छ। नगद प्रवाहमा नीति-निरपेक्ष उभिनेहरू सम्मानित छन्। पुर्खाले छाडेका पर्ती, वन, बगर र मसान घेर्नेहरू बलिया छन्। प्रकृतिले लाखौँ वर्ष थुपारेको ढुङ्गा, बालुवा, खानी र पानी बेच्नेहरूको उन्नति छ। एकतिर ठेलमठेल ताँती लागेर निस्कनेहरूले अर्थ पठाइरहेका

छन्। अर्कोतिर शक्तिशालीले त्यो जगेडा विलासमा सिद्ध्याएर निर्वासनको परिबन्द फैलाइरहेका छन्।

यो दुश्चक्रको फलस्वरूप राज्य, समुदाय र परिवारबीच र भित्र सम्बन्ध असन्तुलित भएका छन्। पलायनको प्रवृत्तिले सबैतिर गाँजेको छ। असामान्य विभेदका अनेक आयाम देखिएका छन्। कतै पूँजीको चढिनसक्नु रास छ। कतै स्रोतको खडेरी छ। कतै प्रतिभा, क्षमता र अवसर घरघरै फुल्छ। कतै माटो, बीउ र पानी सबै बिग्रे झैँ फल्दै फल्दैन। कतैबाट वंशावलीको गौरवपूर्ण ठेली निस्कन्छ। कतै एउटै नाउँ पुस्तौँसम्म खप्टिन्छ, इतिहास बन्दैन। कतै प्रगतिशील सिर्जनाको फड्को छ। कतै अनुभवलाई इङ्गित गर्ने शब्द भेटिँदैनन्। कतै बहुल बिम्बार्थको आनन्द छ। कतै अर्थरिक्त आक्रोशलाई ठाउँ दिने बिम्ब छैन।

यस्तो विषम परिवेशका वेला धर्म-अधर्म, अर्थ-अनर्थ, नीति-दुर्नीति, संस्कृति-कुकृति छुट्ट्याउन सकिँदैन। अतीत-भविष्य, पूर्वज-वंशज, आदर्श-यथार्थको चिन्ता गर्न जगेडा स्रोत पाइँदैन। फुर्सद र रचना जोखिमपूर्ण जीवनशैली भएका छन्। तन्त्र व्यवस्था यस्तो छ: रचनाशील जति जीविका जुटाउन अस्तव्यस्त छन्; फुर्सद खोज्ने जतिलाई शोषकको परिचयपत्र भिराइएको छ। जेनतेन मौलिक विचार निस्कियो, अरूबाट परिचालित भनिन्छ। कलाविहीन नक्कलले आश्रय पाउँछन्। ठूलो जनसङ्ख्या वर्तमानभित्र चेपिएको छ। सानो सक्रिय तप्काले सङ्कट

ठम्याउने विवेक देखाउँदैन। त्योसित अतीतको सम्यक् आलोचना गर्ने दृष्टि छैन। आसन्न भवितव्य आँक्ने क्षमता छैन।

यो असहज कालखण्डमा कवि, कलाकार, चिन्तक र ऐतिहासिकहरू मात्र होइनन्, सिर्जनाकर्मी र पेशाधर्मी मानिस कोही पनि मानक परिभाषा अनुरूप भेटिँदैनन्। दृष्टान्त दिनुको साटो केही सङ्केत दिऊँ। यहाँहरू विज्ञ हुनुहुन्छ, सङ्केतबाटै तथ्यसम्म पुगिहाल्नु हुनेछ।

*

कुनै वेला शासकबाट दानदातव्य पाएका, पतिया दस्तुर असुल्ने, राजबैठक र भारदारीमा रुजू रहने राजगुरु, धर्माधिकारी, मूलपुरोहित, लम्बरी पण्डितहरू ऐतिहासिक थिए। फेरि कम-बेसी योग्यतासँगै निगाहको जागिरबाट जीवन निर्वाह गर्ने प्राज्ञ र परामर्शदाताहरू ऐतिहासिक भए। त्यस्तै विश्वविद्यालयका दलीय कुलपति, उपकुलपति, विभागीय प्रमुख, द्वारपण्डित अथवा प्राध्यापक-महोपाध्यायहरू पनि इतिहासकार कहलिए।

अहिले शासकीय संयन्त्रबाट कृपाको पद पाउन चाहनेहरूको हुलमा ऐतिहासिकहरू भेटिन्छन्। त्यता नमिसिएकाहरू व्यवस्थाभित्र आफ्नो मतवाद चलाउन दरिला देखिन्छन्। सत्ताकाङ्क्षी दलसमूहबाट पाएका मान, पुरस्कार र भरणपोषणलाई आफ्नो योग्यताको कदर सम्झिनेहरू र

आफ्नो प्रतिभाको राज्यले कदर नगरेको गुनासो गर्नेहरू, दुवैतर्फ ऐतिहासिकहरू छन्।

केही दशकदेखि कोल्टो फेरेको अर्थ-राजनीतिभित्र ऐतिहासिकहरू नयाँ नयाँ अवतारमा देखा परेका छन्। केही ऐतिहासिक सत्ता संरक्षण अथवा परिवर्तन जस्ता अर्थ-राजनीतिक अभीष्टका बाह्य र आन्तरिक कारकहरूसँग मिलेका देखिन्छन्। शक्ति र साधन-प्रवाहको अँध्यारा गल्लीमा उभेकाहरू सजिलै चिनिँदैनन्।

अर्को परिदृश्य पनि छ। शक्तिसम्पन्न वर्गले स्वेच्छालाई वैधानिक बनाउन आमवृत्त हडप्छ। सार्वजनिक भङ्गिमामाथि ऐननियमका तगारा उभ्याउँछ। विधिमाथि एकलौटी दाबी गर्छ र विचारबाट रचनात्मक आलोचना माग्छ। शक्तिशालीलाई लोकतान्त्रिक देखाउनु छ र शासनतन्त्रमा जमेर बस्नु छ। सत्तासित नरम-गरम सम्बन्ध राख्ने बौद्धिकहरूमध्ये इतिहासकारको रूपमा आफूलाई चिनाउनेहरू भेटिन्छन्।

आपसी सहमतिको तरल अर्थ-राजनीतिक संरचनाभित्र शक्ति र विद्रोहको शैली एउटै हुन्छ। पक्ष र विपक्षको चक्रीय प्रणालीमा अधिकांश बौद्धिकको मुख्य सरोकार विद्या हो कि वृत्ति हो, निष्ठा हो कि प्रतिष्ठा,

अलमल रहन्छ। ऐतिहासिकहरू यसको अपवाद हुँदैनन्। तिनको पनि पद, कर्म, भूमिका र चिन्तन बीच तारतम्य मिल्दैन।

अहिलेको विसङ्गतिपूर्ण समयमा सबै ऐतिहासिकहरू अतीत अनुभव भेट्टाउने तपस्यामा छैनन्। इतिहास-तत्त्व पाउने साधनामा छैनन्। अतीतलाई समाजोपयोगी खानी सम्झिने एउटा समूह बहुविध प्रायोजनामा छ। शासनतन्त्रको स्वार्थ अनुकूल इतिहास उत्पादन गर्ने अर्को समूह प्राज्ञ पदमा प्रतिष्ठित छ। इतिहासलाई सामाजिक-आर्थिक हैसियत उकास्ने बाटो बनाउन अरू अर्को समूह व्यस्त छ। यी तीन समूहमा नअटाउने ऐतिहासिक परिधितिर धकेलिएका छन्।

यो परिधिगत समूह पनि एकनास देखिँदैन। कोही वर्तमानमाथि प्रभावकारी हस्तक्षेप गर्न जरुरी ठान्छन्। आन्दोलनसँगै मच्चिन पुग्छन्। फेरि समझदारीबाट सच्चिन चाहन्छन्। अभियान र ध्यान, युद्ध र सम्झौता बीच ओहोरदोहोर गर्छन्। बाँकी भने अतीत गाथाले उद्वेलित रहन्छन्। तिनलाई वर्तमान तरल यथार्थ लाग्छ। छिनछिनै गुमिरहेको प्रत्यय लाग्छ। क्रान्ति जति कबाड पैदा गर्ने तन्त्र लाग्छ। हस्तक्षेप र प्रतिहस्तक्षेपका जन-आन्दोलन डाह-चक्र (रिजेन्टमेन्ट साइकल्स: पीडा-सन्ताप-डाह-द्वन्द्व-पीडाको चक्र) लाग्छ।

सजिलो गरी भन्दा, अतीतसँग कुराकानी गरिरहेका नेपाली ऐतिहासिकहरूको सामूहिक स्थिति यस्तो देखिन्छ: एउटा यथास्थितिको धुरी छ। त्यहाँ मिथ्या साबित नभएसम्म र अतिरिक्त अभिलेखले नबोलेसम्म रूढीलाई प्रमाण मान्नेहरू छन्। तिनीहरू शास्त्रलाई शस्त्र बनाउन खोज्छन्। अर्को ध्रुव काल्पनिकीमा घुम्रिएको छ। त्यहाँ परम्परालाई कबाडको डङ्गुर मान्ने र आफूखुसी तथ्यको निर्माण गर्नेहरू छन्। यिनीहरू शस्त्रलाई शास्त्रमा बदल्न खोज्छन्। अधिकांश नेपाली ऐतिहासिकलाई यी दुई ध्रुव बीच कतै राख्न मिल्छ।

*

ऐतिहासिकहरूको यो मोटामोटी वर्गीकरण सङ्केतात्मक हो, विश्लेषणात्मक होइन। यहाँ लिइएका लक्षण पनि पारिभाषिक होइनन्। अरु कुनै समूह-उपसमूहमा अमुक ऐतिहासिकलाई हालेर मीनमेख निकाल्नु सार्थक हुनेछैन। किनभने इतिहास-चिन्तनलाई बदलिँदो परिप्रेक्ष्यमा राख्नु मेरो उद्देश्य होइन। बरु ‘नेपाली’ र ‘समाज’ भन्ने पदलाई समस्यामुक्त राख्न सकिने सीमाभित्र अतीत-वस्तु पहिल्याउन लागिपरेको एउटा वर्गसमूहतिर औँल्याउन सम्म मैले चाहेको हुँ।

यो उत्साहवर्धक तर विचित्र परिदृश्य हो: सांसदीय (एकेडेमिक) प्रबन्धमा इतिहास विधा मृतप्रायः देखिन्छ। औपचारिक पाठ्यक्रमबाट इतिहास

लुप्तप्रायः मान्न सकिन्छ। विधागत दर्शन, प्रत्यय, विधि, प्रविधि र सीप सिक्नेतिर जाँगर प्रायः भेटिँदैन। नयाँ नयाँ विषय र बुँदा उठाइए पनि आलोक भेटिँदैन, राप लाग्दैन। ऐतिहासिकहरूले 'प्राज्ञिक' इतिहासलाई अनुशासित र रचनात्मक बनाउन सकेका छैनन्। संसदेतर (नन-एकेडेमिक) बहसमा भने इतिहासको खपत बढ्दो छ: अरूलाई बहिष्कृत राख्ने हतियार बनाएका छन्; उपयोगी औजार झैँ चम्काएका छन्; हराएको सामूहिक अस्मिता जस्तो; बिउँझेपछि खोजिरहेको सपना जस्तो। त्यहाँ खालि खपतको लालसा छ, सिर्जनाको उत्साह छैन।

मिलान कुन्देराले भने जस्तो, आज मानिस इतिहासको बाढीमा परेका छन्। तिनीहरू आफ्नै बितेको जीवनमा सङ्गति खोजिरहेका छन्। सम्झनामा सन्दर्भ र अर्थ पाइरहेका छैनन्। सँगै, अतीत-वस्तुप्रति गौरव भने बढेको देखिन्छ। अतीत-अनुभवलाई कलात्मक रूपमा संरक्षित राख्ने तिर्सना व्यापक छ। ऐतिहासिक दस्तावेज, भवन, व्यक्ति र दिनसम्बन्धी वृत्तान्त लोकप्रिय हुन्छ। लोक-सञ्जालमा सक्रिय ऐतिहासिकहरूले भने विद्यमान अर्थ-राजनीतिक दाबी र प्रतिदाबीको कुनै विकल्प दिन सकेका छैनन्। न समाजमा फैलिरहेको तिर्सना र आकर्षणलाई सम्यग्दृष्टि दिन सकेका छन्। विषालु सामाजिक द्वन्द्वमा होमिएकाहरूलाई परामर्शको हतियार दिन जो कोही बौद्धिक तयार देखिन्छ, ऐतिहासिकहरूले तिनलाई सद्विवेक दिन सकेका छैनन्।

अतीत-चिन्तन भइरहेका ठाउँमा ऐतिहासिक नभेटिनु अथवा ऐतिहासिकहरूमा इतिहास-चिन्तन नपाइनु नेपाली समाजमा व्याप्त विडम्बनाको एउटा आयाम हो। त्यो विडम्बना के हो भने चिन्तन मात्र होइन, धर्म, शक्ति, अर्थ र सीपसमेत अहिले मौलिक ठाउँबाट विस्थापित छन्: आचारसँग धर्म बस्दैन; नीतिसँग शक्ति बस्दैन; श्रमछेउ अर्थ भेटिँदैन; विवेक लिएर प्रविधि आउँदैन; र, व्युत्पत्तिगत अर्थमा, विचार लिएर विद्या बस्दैन।

*

नेपाली समाजमा जीवनकर्म र चेतनालाई सुघड, सबल र गम्भीर बनाउँदै लैजाने हो भने कलात्मक उचाइमा उक्लेर इतिहास लेख्नपर्ने हुन्छ। शास्त्र-सम्मत र संवेदना-सिद्ध विवेक राख्नपर्ने हुन्छ।

शुरूमा मैले सङ्केत गरेको दोस्रो बहस योग्य सुनिने बुँदा यहाँनेर आउँछ। धर्म, न्याय र नीति जस्ता आध्यात्मिक खोजलाई र दर्शन, साहित्य, कला जस्ता मानवीय मूल्यको प्रस्तावलाई हिजोआज विज्ञान बनाउने चलन छ। चल्तीका वैज्ञानिक परिपाटीसित बेमेल हुने विधालाई खारेज गरिदिने स्वघोषित वैज्ञानिक पनि छन्। अथवा, विधागत साँध नाघेर ती विद्या-स्थानलाई ‘वैज्ञानिक’ अथवा ‘आधुनिक’ देखाउने प्रवृत्ति पनि छ। अतीत-वस्तुको खोजमेल गर्ने विधि विविध छन्। तर तिनमा सञ्चित

पुरा-अनुभवबाट वर्तमानमा संवेदना जगाउने प्रक्रिया एउटा कला हो। व्युत्पत्तिगत अर्थमा, अंग्रेजी आर्ट < ल्याटिन आर्स् < धातु र्त् ¬ वैदिक ऋत् एकै ठाउँमा छन्। त्यसैले इतिहासलाई कलात्मक पुनर्रचना मान्न सकिन्छ।

समाजको विकासक्रममा कहिलेकाहीँ शास्त्र र संवेदना परस्परमा प्रतिकूल हुन्छन्। आदर्श र अन्याय, विमर्श र विभेद घालमेल हुन्छन्। कहिलेकाहीँ सुनौला भनिएका बिहानी अनुत्पादक दिनमा बदलिन्छन्। रक्तिम साँझले कालरात्रि निम्त्याउँछन्। मेलमिलाप र सम्झौता नटुङ्गिने द्वन्द्वतिर जाने मोड बनिदिन्छन्। त्यति वेला अतीत अनुभव र वर्तमान विवेक असमञ्जस हुन्छ। ऐतिहासिकहरूसित परित्राणको विकल्प छ त?

आफ्ना पूर्वजदेखि अलग्याइएकाहरू, वंशावलीमा छुटेका छुटाइएकाहरू, पुर्खाको पसिनाले सिँचेको र खरानी घुलेको थातथलो छाड्नुपर्नेहरू, आफ्नो नगरलाई पराई शहरमा ढल्दै गरेको बेहोर्नेहरू, सत्ताले डामेका आङ बोक्नेहरू र कथनले रङेका भित्ता सम्झिनेहरू, अपमानको सूत्र दिनहुँ स्मृतिभित्र पसेको देख्नेहरू, निरपेक्ष अग्राधिकारको तर्क पुराणभित्र पाउनेहरू, मोखका रङ-रेखासँगै गामठाम धमिलिएर पुरावशेष बनेको देख्नेहरू, ‘घर’ खोज्दै हिँडेका ‘ठालु’हरू र ‘घर’बाट निकालिएका ‘सुकुम्वासी’हरू - यी सबैको सङ्घर्षबाट भौतिक-सांस्कृतिक अनुभव बनेको छ। सिङ्गो समाज ‘आज-

अहिले'भित्र गिजोलिएको लाग्छ। जनसमूह जति अतीतलाई निरर्थक बोझ सम्झेर जीवन खोज्न हिँडेका देखिन्छन्। त्यो जनसमूहप्रति ऐतिहासिकहरूले उत्तरदायी बन्नु छ।

यो परिस्थिति आफै अर्को, धेरै अघिदेखि सल्किँदै फैलिरहेको, प्राकृतिक सङ्कटले घेरिएको छ। वर्चस्व-आकाङ्क्षीहरूको दुष्कृत्यबाट पृथ्वी कुपित छ। मानिस जातिलाई छैठौँ विलोपतिर पुऱ्याई छाड्ने यो समूह विभिन्न स्तरमा सक्रिय छ। अन्तःराष्ट्रिय सङ्घट्टनमा र अन्त:देशीय मोर्चाका अग्रपङ्क्ति प्रभावी छ। देशभित्र राज्य र त्यसको विकल्प भनिएको वणिक्सङ्घमा विराजमान छ। प्रदेश-क्षेत्रभित्र राजनीतिक र वित्तीय सञ्जालमाथि उसैको नियन्त्रण छ। स्थानीय स्तरमा सार्वजनिक स्रोत र संरचनालाई विपन्नको पहुँचबाट टाढा राख्न उही आतुर छ। यो प्रकृति-विरोधी समूहलाई भविष्यको प्राविधिक भजन गाउनु छ। 'जङ्गली, 'रूढीवादी' र 'असभ्य' इतिहास बिर्सनु छ। ऐतिहासिक ज्ञान अपदस्थ गर्नु छ। कलात्मक विधालाई धूलो पार्नु छ। इतिहास-क्षम विवेकलाई नि:चेष्ट बनाउनु छ। यस्तोमा ऐतिहासिकहरूले ती अहंग्रस्त आकाङ्क्षीहरूलाई अशक्त पार्ने भूमिका खेल्नु छँदैछ। पृथ्वीमाथि आफ्नो पाइला राखेर त्यसको ऐतिहासिक ढुकढुकी पनि सुन्नु छ। किनभने ऐतिहासिकहरू मात्र अहिले र उहिलेबीच झुलिरहेका हुन्छन्। उनीहरूले मात्र कालोत्तर चेतना बोकेका हुन्छन्।

अनुभव र अपेक्षा दुवैसँग अविरोधी बाटो खोज्न पर्ने यो बिहड र एकाकी बाटो हो। यो बाटो हिँडेर देखाएका ऐतिहासिकहरू दुर्लभ हुन्, तर थिए। कालको उथलपुथलमा तिनका पाइला मेटिएका हुन सक्छन्। तिनको परिश्रम हाम्रो मन-मरुभूमिमा हराएको हुनसक्छ। तिनको नाउँ समेत बिर्सिइएका हुन सक्छन्। तर तिनका केही शब्द शास्त्रमा उद्धृत भेटिन्छन्। सीपको छनक अनुश्रुतिमा पाइन्छन्। तिनको टिलपिल इतिहास-चेत लोकभाका र आख्यानमा भेटिन्छन्। यसो भन्दा कुनै काल्पनिक चरित्रबारे बोलेको सुनिन सक्छ। तर मानव-सभ्यताको झण्डै झण्डै अन्तिम वेलामा अतीत मन्थन गर्नेहरूको निम्ति दोस्रो विकल्प देखिँदैन। परम्परा र अनुभव, शास्त्र र संवेदना दुवै जिउँदो राख्ने दुर्गम आदर्श नभए अर्को कस्तो आदर्श हुन सक्ला, मलाई थाहा छैन।

*

## जगदम्बा-श्रीबाट सम्मानित श्री टेकवीर मुखियाज्यूको मन्तव्य

**मदन पुरस्कार गुठीका अध्यक्षज्यू तथा सदस्यहरू,**
**मदन पुरस्कारबाट सम्मानित श्री विवेक ओझाज्यू,**
**तथा यस विशिष्ट समारोहमा उपस्थित सम्माननीय महानुभाव वृन्द,**

सम्मान प्रदान गर्न आज आयोजित यो विशिष्ट समारोह र विद्वद् सभामा जीवनमै पहिलोपटक म यसरी अग्रस्थानमा बस्न पाएकोमा हर्षविभोर भएको छु। इतिहासदेखि मैले सुन्दै र महत्ता बुझ्दै आएको जगदम्बा-श्री सम्मान तथा मदन पुरस्कार प्रदान गरिने यो क्षण म जस्तो 'स्वान्त सुखाय'मा बाँचिरहेको र आफ्नै कला जगत्मा एकान्तमै रमिरहेको पात्रका लागि निकै आश्चर्यमयी सभास्थल पनि बनेको छ।

दुई साताअघि असोज १४ गते मध्यान्हमा एक जना आफन्त पत्रकार भाइबाट मैले यो विशिष्ट सम्मान पाएको सूचना जब पहिलोपटक पाएँ, म अवाक बनेर नजिकै कुर्सीमा बसेको बस्यै भएछु। फेरि छिनभरमै मदन पुरस्कार गुठीका अध्यक्ष कुन्द दीक्षितजीको फोन आएपछि र बधाई थापेपछि भने मैले आफ्नै जीवन, सङ्घर्ष र कला जगतमा बिताएका वर्षौं वर्षहरू सम्झन थालेको थिएँ– आफ्नै बितेको समयको समीक्षा आफैले गरेछुँ।

आजभन्दा ९१ वर्षअघि भारत, पश्चिम बङ्गाल, खर्साङको धजे चियाकमानमा जन्मे-हुर्केर र चिया पत्तामा भाग्य खोजिरहेका श्रमजीवी बा-आमाको पिछा लाग्दै कलकत्ता पुगेर मैले थोरतिनो कलाकर्म सिक्न पाएको थिएँ। कला, सङ्गीत र साहित्यको खानी जस्तो रहेको त्यो बेलाको कलकत्तामा मैले आफ्नै ढिपीमा रङ र कुची चलाउन सिकेको थिएँ। मेरा बाबा कर्णवीर मुखिया भने छोरो भारतीय सेनामा लागोस् वा, अलिक फरक उद्यमी बनोस् भन्ने चाहनुहुन्थ्यो। 'यस्तो कलाको दुखिया काममा नलाग छोरा, यसले दुईछाके गर्जो पनि टार्दैन' भन्नुहुन्थ्यो बाबा। तर, म स्वभावमा एकोहोरो र ढिपीले चल्ने भएकाले कलाकर्म त्याग्न सकिन। दुःख, सङ्घर्ष र गर्जो टार्ने बाबाको त्यो मन्त्र जस्तो बोली मेरो जीवनमा सधैँ जोडिएर बसिरह्यो, यो अझै जोडिएकै छ।

यो २०१०/११ सालतिरको कुरा हो। म कलकत्तामा छँदै एकाएक एउटा नयाँ ध्वनि र आवाजमा हरेक गल्ली गल्लीमा एउटा पुकारा सुनिन थालेको थियो, जसले भन्थ्यो- 'हाम्रो तेन्जिङ शेर्पाले चढ्यो हिमाल चुचुरा'। त्यही बेला सगरमाथाको देश, नेपाल देश र मेरा पितापुर्खाको देशका बारेमा बुझ्न म निकै लागी परेको हुन्थेँ। मेरा बुबा कर्णवीर ओखलढुङ्गा, चेस्कुबाट कामको खोजीमा सम्वत् १९८२ मा दार्जीलिङ पुगेको र उतै चियाका पत्तामा जीवन-भविष्य खोज्न थालेको कहानी मैले बुबाकै मुखबाट सुनेको थिएँ।

त्यो बेला कलकत्तामा नेपालीहरूको निकै बाक्लो ओहोरदोहोर चल्थ्यो नै। मजदुरी गर्ने, पठनपाठनमा गएका वा राजनीतिक कारणले जाने नेपालका नेपाली कलकत्तामा निकै थिए। त्यही क्रममा अतिथि बनेर जानुभएका राजा महेन्द्र र राजनीतिक निर्वासनमा रहनुभएका नेता बीपी कोइरालाका राष्ट्रवादी भावभूमिका भाषणहरू तथा आफ्नै माटो, देशमा फर्केर आफूमा भएको सीप-जाँगर उपयोगमा ल्याउनुपर्ने जस्ता आह्वानहरू म सुनिरहेको हुन्थेँ। यी सबै पृष्ठभूमिका माझ तानिएर २०२२ सालमा म पहिलोपटक नेपाल आएको थिएँ। भारतीय सेनाको सानोतिनो जागिरमा रहेका बाबा र आमालाई थाहै नदिई म नेपाल पसेको थिएँ।

कलाकर्मकै सोधखोज र आफूले सिकेको रङ-कुचीकै काम खोजिरहेका बेला जोरगणेश प्रेसका ऋद्धिबहादुर मल्लले मलाई पहिलोपटक यो माटोमा टेको राख्न मिल्ने गरी महिनाको तीनसय रूपैयाँ तनाखा दिएर किताबका आवरण बनाउने, पर्चा-पोस्टरका डिजाइन गर्ने काममा लगाएको क्षण सम्झिरहेको छु। त्यहीबेला मल्लले जर्मनबाट अफसेट प्रेस मगाउनुभएको थियो, शायद नेपालमै पहिलोपटक। जोरगणेश प्रेसले अह्राएका बेला काठे ब्लकका भरमा चित्र उतार्ने र बाँकी समय एउटा सानो एटलस साइकल लिएर काठमाडौं शहर चहार्ने गरेको मेरो त्यो बेलाको दैनिकी म अझै पनि सम्झिरहन्छु, सपनामा समेत देखिरहन्छु।

त्यहीबेला भर्खरै खुलेको साझा प्रकाशन र त्यहाँ रहनुभएका रणधीर सुब्बा, कमलबाबु, क्षेत्रप्रताप अधिकारीहरूले पनि मलाई आफ्नो कलाकर्ममा भरथेग गर्नुभएको थियो। विशेष गरी आज यो विद्वद् सभासामु बसेर र स्वयम कमलबाबुले शुरूवात गराउनुभएको यो विशिष्ट सम्मान थाप्ने अवसर पाएका बेला मैले उहाँलाई स्मरण गर्नैपर्ने हुन्छ, जसले अरूभन्दा पनि जीवनमा अनुशासन र तोकिएको काम तथा समयमा जिम्मेवार बन्न मलाई सिकाउनुभएको थियो। उहाँलाई सम्झनासाथ हामी साथीभाइका माझ चल्ने गरेको ख्याल म सम्झन्छु- 'यी कमलबाबु, सबै कुरामा ठीक छन् तर अनुशासनका कुरामा भने चाहिनेभन्दा बढी छन्, साह्रै कडा!'

२०२५ सालपछि भने मैले कमलबाबु रहनुभएको त्यही साझा प्रकाशनमा बसेर काम गर्न पाएँ। जीवनमा झण्डै ३० वर्ष साझामा रहेर मैले थुप्रै साहित्यिक र प्राज्ञिक व्यक्तित्वको सङ्गत गर्न पाएँ। कहिले प्रत्यक्ष वा कहिले उहाँहरूले लेखेका पुस्तकका माध्यमबाट मैले ती स्रष्टाहरूको सृजनामा आफ्नो कलाकर्मलाई मिसाउन पाएँ, म पनि उहाँहरूको सृजनामा जोडिदै गएँ। आज फर्केर हेर्दा महाकवि देवकोटाको 'मुनामदन'देखि अग्रज लेखक लीलबहादुरको 'बसाई'सम्म र राष्ट्रकवि माधव घिमिरेको 'गौरी'देखि प्रखर लेखक पारिजातको 'शिरीषको फूल'सम्मका पुस्तकहरूको गाताचित्र स्मरण गर्दा म आफै भावुक हुन्छु।

जोरगणेश प्रेस हुँदै साझा, रत्न पुस्तक भण्डार, एकता बुक्सका प्रकाशनहरू तथा अन्य व्यक्तिगत तहमा आएका पुस्तकहरूमा मात्रै पाँच हजारभन्दा बढी यस्ता आवरण चित्र रहेको र त्यसमा 'मु., मुखिया तथा टेकवीर'को आफ्नो पहिचानलाई उभ्याउन पाएकोमा म सबै लेखक तथा मेरा शुभेच्छुकप्रति सदैव अनुग्रहित छु।

आज म मेरा अग्रज कलाकर्मी एवं स्रष्टा बालकृष्ण सम, लैनसिंह वाङ्गदेल, वासुदेव लुइँटेल, उत्तम नेपाली, शशी शाह, दुर्गा बराल सहित सबैलाई सहृदय सम्झन्छु जसको आशीर्वाद र छोटै सङ्गतले पनि म कलाकर्ममा थप दृढ हुन सकैँ। म मेरा साथीहरू रामकुमार पाँडे, रामबाबु सुवेदी, अभि सुवेदी, वासु रिमाल यात्रीसँगको साथ र सहकार्यलाई पनि मेरो उर्जा तथा प्रेरणाको स्रोत भनेर सम्झन चाहन्छु।

यस्तै, मेरो कलाकर्म र साधनालाई महत्त्व दिएर मेरा लागि मनग्ये पैसा तिरेर कला किनिदिने मनोज मानन्धर, पशुपतिशमशेर राणा, सुरेश मल्ल, रामचन्द्र तिमोथी जस्ता मनकारी सत्पात्रलाई धन्यवाद। एउटा कलाकर्मी र कलाजीविका लागि यसरी एउटा कलाकारको श्रम-पसिना र सङ्घर्ष सम्झेर कला किनिदिने अरू थुप्रै मनकारीहरू नेपाली समाजमा जन्मनुपर्छ भन्ने आफ्नो मनोकाङ्क्षा पनि यहाँ पोख्न चाहन्छु।

जीवनमा केही नयाँ काम गर्ने हुटहुटीमा पढेर भन्दा परेर र सिङ्गो प्रकृतिलाई एउटा क्यानभास सम्झेर कला जगतमा होमिएको मसँग कलाकर्म दालभातको जोहोभन्दा बढी गहिरो साधना र प्रार्थना जोडिएको छ। मलाई मेरो घर बगैँचामा फुल्ने फूल र मेरो आँगनमा आउने भँगेरा-परेवा-कागले प्रकृतिको रङ भर्न सिकायो। मभित्र सौन्दर्य र कलाको चेत यही प्रकृतिले भरिदिएको हो। मान्छेका दुःख, सङ्घर्ष र जीवन जिउनकै लागि गर्ने हरतरहको भागदौडले मलाई कलामा यथार्थवादी बन्न सिकायो। कहीँ कतैको प्रभाव वा सिकोभन्दा पनि बढी मौलिक हुनुमा मैले आफूलाई बँचाएर राखेँ भन्ने लाग्छ। यसरी जोगिएर र आफैलाई बचाएर राख्ने अभ्यासमा दत्तचित्त भैरहँदा मैले अहिलेसम्म आफ्नो कलाको एकल प्रदर्शनी गर्न समेत नपाएको, नभ्याएको वा नसकेको रहेछु। अहिले उमेर, समय र आफ्नो क्रियाशिलता ओरालो लागेपछि मात्रै जीवनमा गर्न नसकेको र नपाएको कामको स्मरण हुन थालेको छ।

त्यसो त कला सृजना र प्रदर्शनीकै क्रममा रुस, इटाली, बङ्गलादेश, भारत, जापान जस्ता मुलुकमा मेरो सृजना उपस्थित भएको छ। व्यङ्ग्य चित्रलाई पोस्टरका रूपमा एसिया-प्यासिफिक क्षेत्रमा पुऱ्याउने र युनेस्को अन्तर्गत सचेतनाका पोस्टर बनाउने जिम्मा पाएर आफूले जानेबुझेको कलासृजनाको विविधिकरण गर्न सकेको अनुभव बोकेको छु।

अन्त्यमा, आज म आफूलाई यस्तो भाग्यमानी कलाकार ठानिरहेको छु जसले पञ्चायत, प्रजातन्त्र र गणतन्त्रका तीनैवटा शासन पद्धतिमा रहेका हाम्रा विधायकहरूको प्रतीक-चिन्ह (लोगो) बनाउने अवसर पाएको छु। सयौँ लेखकका हजारौँ पुस्तकको गाताचित्रमा मैले ठाउँ पाउन सकेँ, जानीनजानी अक्षरलाई कलाको आवरण दिन सकेँ। जीवनमा कलाकर्मकै साधना र धुनमा यसरी तन-मन-धनले लागिरहँदा मेरो आडैमा बसेर मलाई भरथेग गरिरहने मेरी श्रीमती शुक्र र फेरि नियतिमा बाबुको जस्तै रङ-कुची समातेरै अघि बढिरहेका छोराछोरी सोमु र श्रद्धालाई सप्रेम धन्यवाद।

साथै, उमेरमा मभन्दा ६० वर्ष कान्छा प्रतिभाशाली लेखक विवेक ओझालाई उहाँको कृति 'ऐँठन'का निम्ति मदन पुरस्कारबाट सम्मानित हुनुभएकोमा बधाई। अबको समय भनेको म जस्तो बुढो पुस्ताको होइन, तपाईँहरू जस्ता कर्मशील साधकहरूको हो भन्दै र 'म जस्तो डाँडाको घाम बनिसकेको पुस्तालाई सम्मान, सम्झना र आदर मात्रै भए पनि काफी हुन्छ' भनेर आफ्नो मन्तव्य यही टुङ्ग्याउँछु।

धेरैधेरै धन्यवाद।

## २०७९ सालको मदन पुरस्कार प्राप्त कृति '*ऐँठन*'का लेखक श्री विवेक ओझाको मन्तव्य

**मदन पुरस्कार गुठीका अध्यक्ष्यज्यू, समस्त गुठी परिवार, जगदम्बा-श्रीबाट सम्मानित श्री टेकवीर मुखियाज्यू, उपस्थित महिला तथा सज्जन वृन्द। सबै सबैमा हार्दिक नमन।**

...जब 'ऐँठन'ले मदन पुरस्कार पाएको खबर पाएँ। नजिकै बसेकी श्रीमतीलाई सुनाएँ, नातिसँग खेलिरहनु भएकी मेरी आमालाई सुनाएँ। तुरुन्तै भिडियो कल गरेँ, मेरो भाइ राजीवलाई सुनाएँ। भाइ खबर सुनेर रोयो। आमा रूनुभो र पुष्पा रोइन्। थाहै नपाई ती आँशुले मेरा आँशुलाई समेत जागृत गराए। र, बुवालाई खबर सुनाउन सकिनँ, उहाँ त रुनै पो भावुक हुनुहुन्छ।

पक्कै पनि ती सामान्य आँशु थिएनन्। यस्तो लाग्यो- वर्षौंसम्म पर्खिएर खस्नका लागि पालो कुरिरहेका आँशु हुन्। कुनै कुनै आँशु गहमा आफ्नो पालो कुरेर बसिरहेका हुँदा रहेछन्।

स्कूल नचिन्दै बुवासँगका लोककथा रित्तिए। अरु तरकारी, खेत, हलो-कुटो र अँगेनाका समेत गन्तव्यहीन संवाद बुवाले सुनाउन पऱ्यो। सुत्नुअघि कथा सुन्ने बानी जो थियो। मलाई कताकता लाग्छ- तिनै नाम-बेनाम कथाहरूले ममा आख्यानको बीज रोपेका थिए।

स्कूल पढ्दै गर्दा ठूलो दाइको सिको गर्दै रहरै रहरमा लेखनको बामे शुरू भयो। र, त्यो यात्रा खतरनाक नशामा परिणत भैसकेको रहेछ। यस अर्थमा खतरनाक नशा कि, मैले ऊर्जामय उमेरको उच्चतम समयमा समेत पारिवारिक जिम्मेवारीबाट भागेँ, अभाव स्वीकार्य साथी मान्न रुचाएँ। समाजको आर्थिक प्रश्नहरूसँग लुक्नु परिरह्यो। ठिक नशामा फसेको मानिस जस्तो। त्यस्तो प्रतिकुल समयमा जो धैर्यता, साहस र प्रेम मेरी श्रीमतीले देखाइन्, त्यसप्रति म नतमस्तक छु। निःशब्द हुन पुग्छु।

नढाँटी भन्नुपर्छ, पछिल्लो समय मलाई आफ्नै रहर भनुँ कि नशासँग डर लाग्न थालेको थियो। कहीँकतै दूर हराएँ कि भन्ने शङ्का लाग्न थालेको थियो। तर, आज लाग्दैछ म हराएको रै'नछु। सुन्दर गन्तव्यलाई साक्षी राखेर हिडिरहँदा कहीँ न कहीँ अनपेक्षित तर सुन्दर चोक र घुम्तीहरू भेटिँदा रहेछन्। आज मदन पुरस्कार जस्तो गरिमामय पुरस्कारबाट 'ऐँठन' सम्मानित भैरहँदा अद्‌भुत खुसी मिलेको छ। कुनै अद्‌भुत देउरालीमा पुगेको आभास भएको छ। फेरि थप हिंड्ने हौसला र प्रेरणा मिलेको छ।

जब पुस्तक मबाट पाठकतर्फ हिंड्यो, ममा एक किसिमको बेचैनी थियो। पात्र र कथाको ह्याङ मबाट निस्किएको थिएन। यसबीच मेरा प्रकाशक मणि दाइले मलाई हौसला दिइरहनु भयो, त्यसका लागि म आभारी छु, कृतज्ञ छु। पुस्तक प्रवर्द्धन र प्रकाशनका लागि साङ्ग्रिला परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद प्रिय पाठकलाई, जसले अतुलनीय प्रतिक्रिया दिइरहनु भएको छ, आगामी यात्राको कामना गरिरहनु भएको छ। म पाठकको मायाले धन्य भएको छु। अरू मस्तै मस्तै धन्य हुन चाहन्छु।

## ‘मिथ’, मानिस, स्रोत र चेतना

मानिसको चेतना ‘स्वीच’ थिच्ने बित्तिकै रुट्टै बलेको थिएन। उचित-अनुचित मगजमा रुुल्किन मानिसले लाखौँ वर्ष खर्चिएको छ। जीवन-मृत्युको चेत एवम् पर्याप्त दर्शनशास्त्रका खातिर मानिसले खर्चिएको समय वास्तवमै मूल्यवान छ। र, बितेका लाखौँ वर्षको अनुभवले मानिस निकै परिपक्व बनेको छ। उसमा पर्याप्त ज्ञान छ, जसले धर्तीलाई हामीले कल्पना गर्ने स्वर्ग बनाउने सामर्थ्य राख्छ। फेरि पनि किन आधा धर्तीलाई अँध्यारो र अभावले अँठ्याएको छ? यसको कारण हो धर्तीमा हरेक स्रोत र शक्तिको सीमितता। ...जो मानिस स्रोत र शक्तिको समीप छ, जसमा ज्ञानविज्ञान एवम् दर्शन र विचार उन्नत छ, उनीहरूबाटै धर्तीको शक्ति र स्रोत कैद छ। यदि उनीहरूले कैद गरेको स्रोत फुकाउने हो र उनीहरूको ज्ञान विश्वको उन्नतिका लागि नैतिक रूपमा एकाकार गराएर समर्पण गर्ने हो भने बाँकी रहेको अँध्यारो धर्ती उज्यालिन समय लाग्ने छैन। मेरो लेखनी लाखौँ वर्षको यो उपलब्धिलाई समग्र संसारमा लागू गर्नुपर्छ भन्ने मान्यतामा आधारित हो। मेरो उद्देश्य हजारौँ वर्ष लामो सामाजिक बसाइका ‘बावजूद’ खड्किरहेका समस्यालाई उठान गर्नु नै हो। त्यही

जगमा उभिएर नै मैले मेरो पहिलो आख्यान 'ऐलानी' र यो दोस्रो आख्यान 'ऐँठन' लेख्ने कोसिस गरेको हुँ।

जो हाम्रा 'मिथ' छन्, ती रगतले लत्पतिएका छन्। धर्ती टुक्र्याउँदै जति पनि सिमाना कोरिएका छन्, त्यसमा करङको पिलर र रगतको रेखा छ। अनि, ती कोरिएका रेखाभित्र पनि रगतको होली खेल्दै पाइला चालेको छ- समय रेखाले। यी तमाम कुरा देखेर हामीले त निकै उन्नत पाठ सिकिसक्नु पर्थ्यो। अरु नेपालले भोगेको जो सशस्त्र युद्ध थियो, त्यतिन्जेल त हामीले अरु धेरै, अरूको भन्दा थप पाठ सिकिसक्नु पर्ने थियो। तर, विडम्बना! यहाँ हजारौँ मानिसले समय रेखामा आफ्नो रगत चुहाउनु पऱ्यो। आफ्नो सास गुमाउनु पऱ्यो। लाखौँले उजाडिनु पऱ्यो।

नेपालमा युद्ध शुरू हुँदासम्म धर्तीमा अधिकांश खानदानी शासकले आफ्नो अस्तित्व गुमाइसकेका थिए। कोही शासक देश निकाला त कोही काटिनु परेको थियो। ती तमाम ज्ञान नेपालका शासकलाई थिएन? जरूर थियो। तर, उनीहरूले आफूसँगको स्रोत र शक्ति गुमाउन चाहेनन्, बाँड्न चाहेनन् र देशको अँध्यारोले त्यो शक्ति अन्ततः निल्यो। जुन शासकले समयको मागलाई सम्बोधन गर्न सक्तैन, त्यो अन्ततः समाप्त हुन्छ। त्यसो भए हामीले भोगेको सशस्त्र युद्ध के निर्विकल्प थियो? चारसय इसापूर्वको 'मोहिजम'को धारणदेखि प्रभावकारी शान्तिपूर्वक दर्जनौँ आन्दोलन धर्तीमा भए। हाम्रै छिमेकी मुलुकमा गान्धीजीको नेतृत्वमा 'भारत छोडो'

आन्दोलन भयो। हामीले नै गरेको २०४६ को आन्दोलनले केही हदसम्म राम्रै प्रभाव पार्‍यो। तमाम शान्तिपूर्वक आन्दोलनलाई इङ्गित गर्दै हजारौँको मरणको निर्विकल्पतामाथि समाजमा बहस भइरहन्छ। खैर ... जो भयो र जस्तो भयो त्यो बितेर गैसक्यो। समाजले नयाँ पाठ पल्टाइसक्यो। हामी जुन मूल्य चुकाएर आयौँ, त्यसले न्याय पाउनुपर्छ। अब पनि समाजलाई जडताको दाम्लोमा बाँधिरहने छुट कसैलाई छैन। अब पनि सीमित व्यक्तिले शक्ति र स्रोतको दोहन गरिरहने छुट छैन।

## आदर्श, लेखन र पुस्तकबारे

समाजले मेरो बालमस्तिष्कमा खुबै आदर्श थोपर्‍यो। अरू मानिसले आफ्नो सर्वोच्चताबारे गरेका दाबी मलाई अद्भुत लाग्थे। तर, ममा सधैँ मानिसका दाबीउपर शङ्का रहिरहन्थ्यो। किनकि, म पढ्दै गरेको समय स्कूल शान्तिक्षेत्र र देश सशस्त्र युद्धको चुलीमा थियो। विद्रोही पक्षले शिक्षकका गला रेटेको समाचार सुन्नु पर्थ्यो।

कैयौँ निर्दोष मानिसलाई राज्यले बेपत्ता पारेका र हत्या गरेका खबर सुनिन्थ्यो। राज्यपक्षकै रक्षकहरूको भूमिका समेत भक्षकको थियो। त्यो समय मभित्र हतियारप्रतिको डर भरिंदै थियो। अचेल पनि कतै टायर पड्किँदा ऱ्वाट्ट गोली चलेको ख्यालले दिमागलाई छोएर जान्छ। मलाई

लाग्छ- त्यो समयको त्रासले डगमगाएका हरेकको स्थिति यस्तै होला। युद्ध त सकियो तर त्यसको त्रासदी त्यति सजिलै  सकिँदो रहेनछ।

बिस्तारै थाहा पाउँदै गएँ, मानिसले गरेका नरसंहारहरू, जिउँदो शहरमाथि आणविक बमबार। म झनै मानिसले गरेको उसको सर्वोच्चतामाथिको दाबीमा सहमत हुन सकिनँ। मलाई लाग्यो, मानिस खास उसले भनेको जस्तो सुन्दर छैन। ऊ त निकै हिंस्रक छ। हामी शान्तिको कामना गर्छौं तर बर्सेनि २० खर्ब डलर सैन्य मामिलामा खर्च गर्छौं। अर्कोतर्फ बर्सेनि लाखौँ मानिस भोकमरीका कारण मरिरहेका छन्। हाम्रो कामना र यात्रामा विरोधाभास छ।

केही शक्तिशाली देशले कागजको टुक्रामा भनेकै भरमा आणविक भट्टी खोल्न पाइन्छ। कसैमाथि बन्देज लगाउन पाइन्छ। के उनीहरू संसारभरका हतियार नष्ट गर्ने कागजमा हस्ताक्षर गर्न सक्तैनन्? उनीहरूको गतिविधिमा विचलन छ। अरु हामीले मान्दै आएका 'मिथ' नै रगतमा चोबलिएका छन्, हामीले भगवान्को हातमा समेत हतियार भिराएका छौँ, सबै सबै क्रियामाथि मेरो प्रश्न छ।

